सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३४६ ♦ २०८३ साल भदौ २२ सोमवार ♦ 7 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# आज राष्ट्र शोकमा, बेपत्ताको खोजी र पुनर्निर्माणको सङ्कल्प





**खबर दर्पण समाचारदाता**

**भदौ २१ गते, बर्दिवास**

काठमाडौँ, भदौ २२ गते । सोमवार राष्ट्रमा शोक मनाइदैछ । भदौ १० गते र सुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले ज्यान गुमाएका नागरिकको सम्झना, आफन्त गुमाएका परिवारको पीडा र अझै सम्पर्कविहीन रहेका आफन्त फर्किने आशामा बाटो कुरिरहेका परिवारप्रति ऐक्यबद्धता जनाउँदै सरकारले सोमबार राष्ट्रिय शोक मनाउँदै छ ।

विनाशकारी बाढी आएको १३औँ दिनमा मनाइने राष्ट्रिय शोक मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्ने अवसर मात्र नभई बेपत्ताको खोजीलाई तीव्रता दिने, विस्थापितको पुनर्स्थापना गर्ने तथा बाढीबाट क्षतिग्रस्त संरचना पुनर्निर्माण गर्ने राष्ट्रिय सङ्कल्पको दिनसमेत बनेको छ ।

सरकारले मृतकप्रति सम्मान र शोकसन्तप्त परिवारप्रति राज्यको ऐक्यबद्धता प्रकट गर्न देशभर राष्ट्रिय शोक मनाउने निर्णय गरेको हो । गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार राष्ट्रिय शोकका अवसरमा नेपालभरका सरकारी कार्यालय तथा विदेशस्थित नेपाली दूतावास र नियोगमा राष्ट्रिय झन्डा आधा झुकाइनेछ ।

भोटेकोशी बाढीको विनाशपछि पनि कैयौँ परिवार आफन्तको अवस्थाबारे अनिश्चित छन् । कतिपय परिवारले आफन्तको शवसमेत पाउन सकेका छैनन् भने कतिपय बेपत्ता व्यक्ति जीवितै फर्किने आशामा खोजीको प्रतीक्षा गरिरहेका छन् । घरबास गुमाएका परिवार अस्थायी आश्रयमा बस्न बाध्य छन् ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढी प्रभावित विभिन्न जिल्लाबाट हालसम्म १३ हजार ३९९ जनाको उद्धार गरिएको छ । करिब चार हजार १९६ जना अझै सम्पर्कविहीन रहेको विवरण छ। बाढीबाट एक हजार ३४२ जनाको मानवीय क्षति भएको विवरण प्राप्त भएकोमा सनाखत भई परिवारले बुझेका शवको सङ्ख्या ९८ रहेको छ । सम्पर्कविहीन हुनेमा सर्वसाधारणसँगै सुरक्षाकर्मी, कर्मचारी र विदेशी नागरिकसमेत छन् । रसुवा जिल्ला प्रशासन कार्यालयका अनुसार करिब एक हजार ८५७ नेपाली नागरिक तथा नुवाकोटबाट प्राप्त विवरणअनुसार करिब दुई हजार ३४० नेपाली नागरिक सम्पर्कविहीन छन् । त्यस्तै सुरक्षाकर्मी तथा कर्मचारी करिब १०० र विदेशी नागरिक करिब ५९९ जना सम्पर्कविहीन रहेको विवरण छ ।

## खोजी तथा उद्धारमा हजारौँ सुरक्षाकर्मी

बाढी आएदेखि नै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका जनशक्ति खोज तथा उद्धारमा निरन्तर परिचालित छन् । कठिन भूगोल, अवरुद्ध सडक तथा जोखिमपूर्ण नदीको प्रवाहका बीच सुरक्षाकर्मीले बेपत्ता नागरिकको खोजी र प्रभावितको उद्धारलाई निरन्तरता दिएका छन् ।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहतका लागि २१ हजार ४६५ सुरक्षाकर्मी परिचालित छन् । नेपाली सेनाले हवाई साधनमार्फत एक हजार ४५ पटक तथा निजी क्षेत्रका हवाई साधनले १२९ पटक उडान गरी खोज, उद्धार तथा राहत कार्य सञ्चालन गरेका छन् ।

बाढीमा आफ्नै सहकर्मी गुमाएका सुरक्षाकर्मीसमेत व्यक्तिगत पीडा थाँती राखेर उद्धारमा खटिएका छन् । भोटेकोशी बाढीमा ४५ नेपाली सेना, २५ नेपाल प्रहरी र १२ सशस्त्र प्रहरी अझै सम्पर्कविहीन छन् ।

नेपाली सेनाले नुवाकोटको त्रिशूली बट्टारस्थित मैथिल ब्यारेकमा फरवार्ड हेडक्वार्टर, इमर्जेन्सी मेडिकल रेस्क्यु टिम

बाँकी पृष्ठ ३ मा

# जलेश्वर-३ खैरास्थित खेतमा महिलाको शव फेला

**खबर दर्पण समाचारदाता**

**भदौ २१ गते, बर्दिवास**

महोत्तरीको जलेश्वर नगरपालिका-३ खैरास्थित छर्की नजिकैको खेतमा एक महिलाको शव फेला परेको छ ।

स्थानीयले खेतमा महिलाको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। घटनास्थल पुगेको प्रहरीले शव नियन्त्रणमा लिएर प्रारम्भिक अनुसन्धान अघि बढाएको छ ।



जिल्ला प्रहरी कार्यालय महोत्तरीका डीएसपी पञ्चलाल गोलेका अनुसार मृतक महिला अन्दाजी ३० देखि ३५ वर्ष उमेरकी रहेको प्रारम्भिक अनुमान गरिएको छ । यद्यपि, उनको पहिचान भने खुल्न सकेको छैन। प्रहरीले घटनाको प्रकृति र महिलाको मृत्युको कारणबारे अनुसन्धान गरिरहेको जनाएको छ । शव परीक्षण तथा थप अनुसन्धानपछि मृत्युको कारण खुल्ने प्रहरीले जनाएको छ ।

मृतक महिलाको पहिचानका लागि प्रहरीले आवश्यक प्रक्रिया अघि बढाइरहेको छ भने घटनासम्बन्धी थप विवरण आउन बाँकी रहेको छ ।

# दलित समुदायका सवाल सम्बोधन गर्न मधेश सरकारलाई आग्रह

**खबर दर्पण समाचारदाता**

**भदौ २१ गते, बर्दिवास**

नेपाल दलित मोर्चा, मधेश प्रदेशको एकता बैठकले दलित समुदायका भूमि, शिक्षा, रोजगारी, राजनीतिक प्रतिनिधित्व, सशक्तीकरण तथा सामाजिक न्यायका सवाललाई प्राथमिकताका साथ सम्बोधन गर्न मधेश प्रदेश सरकारसँग माग गरेको छ।

महोत्तरीको बर्दिवासमा भदौ २१ गते सम्पन्न बैठकमा मधेश प्रदेशका आठवटै जिल्लाबाट प्रतिनिधिहरूको सहभागिता रहेको थियो। बैठकले समसामयिक विषयमा १० बुँदे प्रस्ताव पारित गर्दै आगामी तीन महिनाका लागि संगठन निर्माण तथा पुनर्जागरण अभियान सञ्चालन गर्ने निर्णयसमेत गरेको छ।

बैठकलाई सम्बोधन गर्दै मोर्चाका केन्द्रीय इन्चार्ज तथा प्रतिनिधिसभा सदस्य गणेश विश्वकर्माले दलित समुदायको अधिकार स्थापित गर्न संगठनलाई थप सुदृढ र गतिशील बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले दलित समुदायमाथि हुने विभेद, अन्याय र बहिष्करण अन्त्यका लागि राजनीतिक तथा सामाजिक रूपमा संगठित भएर अघि बढ्नुपर्ने बताउनुभयो।नेपाली कम्युनिष्ट पार्टीका सह-इन्चार्ज श्रीप्रसाद शाहले दलित समुदायको अधिकार र सामाजिक न्यायको विषयलाई पार्टीका नीति तथा कार्यक्रमसँग जोडेर अघि बढाउनुपर्ने धारणा राख्नुभयो। उहाँले दलित समुदायका समस्या समाधानका लागि राज्यका सबै तहबाट प्रभावकारी पहल आवश्यक रहेको बताउनुभयो।

# रसुवागढीको त्रासदीदेखि चुरेको सङ्कटसम्म




नेपाल भूगोलका हिसाबले सानो देश हो, तर प्रकृतिले दिएको विविधताको दृष्टिले असाधारण देश हो। करिब १ लाख ४७ हजार वर्गकिलोमिटर क्षेत्रमा फैलिएको नेपाल उत्तरमा संसारकै अग्ला हिमाल, दक्षिणमा समथर तराई-मधेस र बीचमा पहाड तथा मध्यपहाडी भूभागले बनेको छ।

पूर्वदेखि पश्चिम करिब ८०० किलोमिटर लामो, तर कतिपय स्थानमा उत्तर-दक्षिण चौडाइ १५०-२५० किलोमिटर मात्र भएको यस देशमा केही सय किलोमिटरको दूरीमै समुद्री सतहको करिब ६० मिटर उचाइबाट ८ हजार ८४८.८६ मिटर अग्लो सगरमाथासम्म पुगिन्छ।

यही अद्वितीय भूगोल नेपालको ठूलो प्राकृतिक सम्पत्ति पनि हो र विभिन्न प्राकृतिक जोखिमको प्रमुख कारण पनि। हिमाल, पहाड र तराईले नेपाललाई जलस्रोत, जैविक विविधता, वन, कृषि, पर्यटन र जलविद्युत्को अपार सम्भावना दिएका छन्। तर यही भूगोलका कारण नेपाल बाढी, पहिरो, डुबान, सुक्खा, हिमपहिरो, हिमताल विस्फोटबाट उत्पन्न आकस्मिक बाढी तथा अन्य जलवायुजन्य जोखिमका दृष्टिले अत्यन्त संवेदनशील छ।

विश्व बैङ्कका अनुसार नेपालको ८० प्रतिशतभन्दा बढी जनसङ्ख्या बाढी, भूकम्प, पहिरो, चरम तापक्रम र सुक्खामध्ये कम्तीमा एक प्रकारको जोखिममा रहेको छ। यसबाट स्पष्ट हुन्छ- नेपालमा प्राकृतिक जोखिम कुनै टाढाको भविष्यको विषय होइन; यो हाम्रो वर्तमानको वास्तविकता हो।

नेपालको जोखिमलाई अहिले जलवायु परिवर्तनले अझ जटिल बनाइरहेको छ। नेपालको 'राष्ट्रिय रूपमा निर्धारित योगदानको तेस्रो संस्करण (एनडीसी-३.०)' ले हिमताल विस्फोट, बाढी, पहिरो, सुक्खा, डढेलो र बढ्दो तापक्रमका कारण नेपालले जलवायु परिवर्तनबाट हुने क्षति र नोक्सानी बेहोरिरहेको स्वीकार गरेको छ। नेपालमा सन् १९७० यता २६ भन्दा बढी ठूला हिमताल फुटेर बाढी आएका घटना भइसकेका छन् र कम्तीमा ४७ वटा हिमताल सम्भावित रूपमा जोखिमपूर्ण पहिचान गरिएको अवस्था छ।

यहाँ एउटा वैज्ञानिक भिन्नता बुझ्न आवश्यक छ। हिमताल विस्फोट आफैंमा सम्पूर्ण रूपमा 'विपद्' होइन; हिमताल फुट्ने प्रक्रियाबाट उत्पन्न आकस्मिक बाढीले मानव बस्ती, पूर्वाधार र जनजीवनमा क्षति पुऱ्याउँदा त्यो विपद्मा परिणत हुन्छ। त्यसैले उच्च हिमाली क्षेत्रमा बढ्दो तापक्रम, हिमनदीको परिवर्तन, हिमतालको विस्तार तथा हिमचट्टानको अस्थिरतालाई नेपालको समग्र विपद् जोखिम व्यवस्थापनसँग जोडेर हेर्नुपर्छ। हालै रसुवागढी तथा भोटेकोसी-त्रिशूली क्षेत्रमा भएको विनाशकारी घटनाले यही वास्तविकतालाई हाम्रो सामुन्ने ल्याइदिएको छ। हिमनदी तथा हिमचट्टानको अस्थिरता र त्यसबाट उत्पन्न आकस्मिक बाढीले जनधन तथा महत्त्वपूर्ण पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको छ।

रसुवागढीको त्रासदीलाई केवल एउटा स्थानीय घटना वा प्राकृतिक विपद्का रूपमा हेरेर सकिँदैन। यसले हिमालयमा भइरहेको जलवायु परिवर्तन, हिमनदी र हिमतालमा भइरहेको परिवर्तन, उच्च हिमाली भूभागको अस्थिरता र तलतिर रहेका बस्ती तथा पूर्वाधारको जोखिमलाई एउटै शृङ्खलामा जोडेर हेर्नुपर्ने आवश्यकता देखाएको छ।

नेपाल विश्वव्यापी जलवायु सङ्कट सिर्जना गर्ने प्रमुख देश होइन। सन् २०२४ मा विश्वस्तरमा कुल कार्बनडाइअक्साइड उत्सर्जन करिब ३८.६ अर्ब टन थियो। त्यसमा चीनको हिस्सा ३१.८४ प्रतिशत, अमेरिकाको १२.६९ प्रतिशत, भारतको ८.२७ प्रतिशत र रुसको ४.६१ प्रतिशत थियो। यी चार देशले मात्र विश्वको करिब ५७.४ प्रतिशत कार्बन उत्सर्जन गरेका छन्।

यसको विपरीत, विश्वको कुल उत्सर्जनमा नेपालको योगदान करिब ०.०५ प्रतिशत मात्र छ। त्यसैले प्रश्न उठ्छ- दोष हाम्रो होइन भने यसको मूल्य हामीले किन तिर्ने ?

जलवायु परिवर्तनको ऐतिहासिक जिम्मेवारी आजको वार्षिक उत्सर्जनले मात्र होइन, लामो अवधिको सञ्चयी उत्सर्जनले पनि निर्धारण गर्छ। त्यसैले नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु न्याय, क्षति र नोक्सानी, अनुकूलनका लागि पर्याप्त जलवायु वित्त तथा प्रविधि हस्तान्तरणको माग अझ सशक्त रूपमा उठाउनुपर्छ। तर अन्तर्राष्ट्रिय सहयोगको प्रतीक्षा गर्दै आफ्नै घरको संरक्षण नगर्नु पनि बुद्धिमानी हुँदैन। जलवायु न्यायका लागि अन्तर्राष्ट्रिय सङ्घर्ष आवश्यक छ; प्राकृतिक सम्पत्तिको संरक्षण हाम्रो आफ्नै जिम्मेवारी हो।

यहींबाट अर्को महत्त्वपूर्ण प्रश्न उठ्छ- के आज हिमालमा देखिएको सङ्कट भोलि तराई-मधेसमा पानीको सङ्कटका रूपमा देखापर्न सक्छ ?

यही प्रश्नले रसुवागढीको त्रासदीलाई चुरेको सङ्कटसँग जोड्छ। नेपाललाई संसारले जलस्रोतको भण्डारका रूपमा चिन्छ। करिब ६ हजार नदी तथा खोलानालाले नेपालको कृषि, खानेपानी, जलविद्युत्, जैविक विविधता र जनजीवनलाई आधार दिएका छन्। तर आज नेपालमा एउटा गम्भीर विरोधाभास देखिन थालेको छ- एकातिर अत्यधिक पानी, अर्कोतिर पानीको अभाव।

वर्षायाममा अत्यधिक वर्षा, बाढी र कटान; अनि केही समयपछि पानीकै सङ्कट। यसको पछाडि जलवायु परिवर्तन एउटा महत्त्वपूर्ण कारण हो। तर वन विनाश, जलाधारको क्षयीकरण, नदीजन्य पदार्थको अव्यवस्थित उत्खनन, अनियन्त्रित सहरीकरण र प्राकृतिक जलप्रणालीमाथिको अतिक्रमणले पनि हाम्रो प्राकृतिक प्रणालीको प्रतिरोध क्षमता कमजोर बनाइरहेका छन्।

यही सन्दर्भमा चुरेको प्रश्न अत्यन्त गम्भीर भएर अगाडि आउँछ। चुरे केवल पहाड होइन; चुरे तराई-मधेसको जल-जीवन प्रणाली हो। पूर्व इलामदेखि पश्चिम कञ्चनपुरसम्म करिब ३७ जिल्लामा फैलिएको चुरे नेपालको सबैभन्दा कान्छो र कमजोर भौगोलिक संरचना भएको पर्वतशृङ्खला हो। कमजोर भूगर्भीय संरचनाका कारण वन विनाश, सडक तथा बस्ती विस्तार, अत्यधिक चरिचरन र ढुङ्गा-गिट्टी-बालुवा उत्खननले यहाँ गम्भीर वातावरणीय असर निम्त्याउन सक्छ।

तर चुरेको सबैभन्दा महत्त्वपूर्ण सेवा हामीले आँखाले देखिरहेका हुँदैनौं। चुरे र त्ससँग जोडिएको भावर क्षेत्रले वर्षाको पानीलाई रोक्दै, सोस्दै र क्रमशः भूमिगत जलभण्डारमा पुऱ्याउने प्राकृतिक प्रणालीको काम गर्छ। यही कारणले चुरेको स्वास्थ्य बिग्रँदा त्यसको असर चुरेमा मात्र सीमित हुँदैन; दक्षिणतर्फको तराई-मधेससम्म पुग्छ।

वैज्ञानिक अध्ययनहरूले चुरेले तराईका १ करोड ४० लाखभन्दा बढी मानिसका लागि महत्त्वपूर्ण जलसम्बन्धी पारिस्थितिक सेवा प्रदान गर्ने देखाएका छन्। त्यसैले चुरेलाई "चुरे क्षेत्रको समस्या" मात्र ठान्नु गम्भीर भूल हुनेछ। यो तराई-मधेसको खानेपानी, सिँचाइ, कृषि, खाद्य सुरक्षा र भविष्यको प्रश्न हो।

यदि मनसुनको पानी जमिनभित्र पुनर्भरण हुनुको सट्टा तीव्र गतिमा नदीतर्फ बग्यो भने बाढी बढ्न सक्छ; केही महिनापछि त्यही क्षेत्र खानेपानी र सिँचाइको अभावमा पर्न सक्छ। भविष्यमा तराई-मधेसमा यस्तो भयावह विरोधाभास देखिन सक्छ- बाढी पनि आउने, पानी पनि नहुने। यसैले चुरे संरक्षणलाई बाढी नियन्त्रणको कार्यक्रम मात्र होइन, सुक्खा, जलसङ्कट र सम्भावित मरुभूमीकरण रोक्ने राष्ट्रिय रणनीतिका रूपमा बुझ्न आवश्यक छ।

पहिलो दृष्टिमा हिमालयको हिमतालबाट उत्पन्न आकस्मिक बाढी र तराईको चुरे सङ्कटबीच प्रत्यक्ष सम्बन्ध देखिँदैन। तर दुवै एउटै ठूलो प्रश्नका दुई पक्ष हुन्- नेपालको प्राकृतिक प्रणालीको प्रतिरोध क्षमता।

हिमालमा हिमनदी, हिमताल र उच्च हिमाली पारिस्थितिक प्रणाली जोगाउनुपर्छ। पहाडमा वन, माटो र जलाधार जोगाउनुपर्छ। चुरेमा भूक्षय र अनियन्त्रित उत्खनन रोक्नुपर्छ। तराई-मधेसमा नदी, सिमसार, भूमिगत जल पुनर्भरण क्षेत्र र कृषि भूमि जोगाउनुपर्छ। एउटा प्रणाली कमजोर हुँदा अर्को प्रणालीमा पनि असर पर्छ।

अब हामीलाई विपद् आएपछि उद्धार गर्ने मात्र होइन, विपद् आउनुअघि जोखिम घटाउने पूर्वतयारीमा आधारित राष्ट्रिय नीति आवश्यक छ। उच्च हिमाली क्षेत्रमा हिमनदी, हिमताल र स्थायी हिमभूमिको नियमित उपग्रह तथा स्थलगत अनुगमन गर्नुपर्छ। जोखिमपूर्ण हिमतालका लागि पूर्वसूचना प्रणाली स्थापना गरी तलका बस्ती, राजमार्ग र जलविद्युत् आयोजनासम्म तत्काल सूचना पुग्ने व्यवस्था हुनुपर्छ।

नयाँ जलविद्युत्, सडक, पुल, सहर तथा ठूला पूर्वाधार निर्माणअघि बहुविपद् जोखिम मूल्याङ्कन अनिवार्य गरिनुपर्छ। विकासको नाममा

*बाँकी पृष्ठ ३ मा*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | | | |
|---|---|---|---|
| बर्दिवास अस्पताल | ५५००९० | खानेपानी बर्दिवास | ५५०१४३ |
| ट्राफीक प्रहरी | ५५००५५ | रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ | मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ | शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ | जनसेवा हस्पिटल | ५५०४०६ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ | बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| बर्दिवास नगरपालिका | ५५००३१ | इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| खानेपानि कार्यालय | ५५०११० | IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |
| प्रहरी | ५२०१९९ | | |
| प्रहरी | ५२००९९ | | |
| बर्दिवास दुरसञ्चार | ५५०००० | | |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ | | |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ | | |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ | | |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# रसुवागढीको त्रासदी....

जोखिमको स्थानान्तरण गर्नु विकास होइन। बाढी र पहिरो व्यवस्थापनलाई नदी जलाधारमा आधारित बनाउनुपर्छ। जलाधार , वन, माटो, नदीको प्राकृतिक बहाव र बस्तीको भूउपयोगलाई एउटै प्रणालीमा हेर्नुपर्छ।

चुरे संरक्षणका लागि तत्काल कडा, वैज्ञानिक र दीर्घकालीन कानुनी व्यवस्था आवश्यक छ। संवेदनशील क्षेत्रमा उत्खनन निषेधित क्षेत्र घोषणा गर्नुपर्छ। वन पुनर्स्थापना, जल पुनर्भरण पोखरी, सिमसार संरक्षण, जलाधार व्यवस्थापन र स्थानीय समुदायको सहभागितालाई प्राथमिकता दिनुपर्छ। चुरे संरक्षणका लागि पर्याप्त बजेट, वैज्ञानिक अनुगमन तथा सङ्घ, प्रदेश र स्थानीय तहबीच स्पष्ट जिम्मेवारी निर्धारण गर्न अब ढिला गर्नुहुँदैन।

रसुवागढीले हामीलाई एउटा कठोर सत्य सम्झाएको छ- नेपालको प्राकृतिक जोखिम भविष्यको सम्भावना मात्र होइन, वर्तमानको वास्तविकता हो। प्राकृतिक घटनालाई पूर्ण रूपमा रोक्न सकिँदैन। तर प्राकृतिक घटनालाई ठूलो मानवीय विपद्मा परिणत हुनबाट रोक्न हामी धेरै कुरा गर्न सक्छौं। हाम्रो तयारी, नीति, पूर्वाधार र प्राकृतिक स्रोतप्रतिको व्यवहारले त्यसको परिणाम निर्धारण गर्छ। नेपालले अन्तर्राष्ट्रिय समुदायसँग जलवायु न्याय, क्षति र नोक्सानी तथा पर्याप्त जलवायु वित्तको माग गर्नैपर्छ। तर त्यससँगै आफ्नै वन, नदी, हिमाल, जलाधार र चुरेलाई जोगाउन पनि उत्तिकै इमानदार हुनुपर्छ। रसुवागढीको त्रासदी केवल शोकको विषय भएर समाप्त हुनुहुँदैन। यसलाई नेपालको वातावरणीय तथा विपद् व्यवस्थापन नीतिमा एउटा निर्णायक मोड बनाइनुपर्छ।

आज चुरे संरक्षण गर्न सकेनौं भने भोलि तराई-मधेसमा पानी खोज्नुपर्ने अवस्था आउन सक्छ। त्यसैले चुरे संरक्षण अब वातावरणीय कार्यक्रम मात्र होइन; राष्ट्रिय सुरक्षा, जल सुरक्षा, खाद्य सुरक्षा र भावी पुस्ताको अस्तित्वसँग जोडिएको राष्ट्रिय दायित्व हो। यो सम्पूर्ण तराई-मधेसको सभ्यताको प्रश्न पनि हो।

प्रकृतिले नेपाललाई धेरै दिएको छ। अब नेपालको पालो हो- प्रकृतिलाई जोगाएर आफ्नो भविष्य जोगाउने।-अनलाइन खबर

# आज राष्ट्र शोकमा, बेपत्ताको खोजी......

तथा मुख्य फरवार्ड एयर बेस स्थापना गरी उद्धार सञ्चालन गरिरहेको छ। रसुवाको धुन्चेमा पनि ट्याक्टिकल हेडक्वार्टर, फरवार्ड मेडिकल टिम र अतिरिक्त एयर बेस सञ्चालनमा छन्।

## उद्धारसँगै उपचार र आश्रय

उद्धार गरिएका तथा प्रभावित नागरिकलाई स्वास्थ्य सेवा र अस्थायी आश्रय उपलब्ध गराउने कार्य पनि जारी छ। हालसम्म छ हजार ७३ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको छ। विभिन्न अस्पतालमा ३२३ जना उपचाररत छन्।

नेपाली सेनाले तीन हजार २८८ तथा सशस्त्र प्रहरी बलले दुई हजार ४६२ जनालाई उपचार सेवा उपलब्ध गराएको छ। उद्धार गरिएका नागरिकको तत्काल व्यवस्थापनका लागि रसुवा, नुवाकोट र धादिङमा होल्डिङ सेन्टर सञ्चालन गरिएको छ। हाल तीन हजार ९१२ जना होल्डिङ सेन्टरमा रहेका छन्।

उनीहरूलाई खाद्यान्न, जेनेरेटर, हाइजेनिक किट र विद्यार्थी किटलगायत राहत सामग्री उपलब्ध गराइएको छ। विपत्बाट प्रभावित नागरिकमा परेको मानसिक आघात कम गर्न मनोसामाजिक परामर्शको व्यवस्था पनि गरिएको छ।

## पुनर्स्थापनासँगै पुनर्निर्माणको चुनौती

उद्धार र राहतको तत्कालीन चरणसँगै अब सरकारसामु विस्थापितको पुनर्स्थापना तथा क्षतिग्रस्त संरचनाको पुनर्निर्माणको चुनौती थपिएको छ। बाढीले सडक, पुल, बस्ती, विद्युत् तथा जलविद्युत् संरचनामा ठूलो क्षति पुऱ्याएको छ।

विद्युत् आपूर्ति भने क्रमशः पुनर्स्थापित हुँदै गएको छ। रसुवामा ७८ प्रतिशत, नुवाकोटमा ९६.७ प्रतिशत र धादिङमा ९९.८ प्रतिशत घरधुरीमा विद्युत् आपूर्ति सुचारु भएको छ।

तर क्षतिग्रस्त सडक तथा पुलको पुनर्निर्माण, विस्थापित परिवारको सुरक्षित पुनर्वास, जीविकोपार्जनको पुनर्स्थापना र ध्वस्त भौतिक संरचनाको पुनर्निर्माण तत्काल सम्बोधन गर्नुपर्ने विषय बनेका छन्।

प्राधिकरणका प्रवक्ता महतका अनुसार उद्धारसँगै अब राज्यको ध्यान सुरक्षित आवास, जीविकोपार्जनसहितको पुनर्स्थापना र क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणमा केन्द्रित हुनेछ।




खबर दर्पण परिवार

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

धनुषाधाम नगरपालिका, धनुषा

## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा



# ढल्केवरमा आयोजित वृहत् रक्तदान कार्यक्रममा २२५ पिन्ट रगत संकलन




**खबर दर्पण समाचारदाता**
**भदौ २१ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका-६ ढल्केवरमा आयोजित वृहत् रक्तदान कार्यक्रममा २२५ पिन्ट रगत संकलन भएको छ। आयोजकका अनुसार मधेश प्रदेशमै एउटै रक्तदान कार्यक्रममा संकलन भएको यो अहिलेसम्मकै उच्च परिमाण हो। ढल्केवरमा यसअघि २११ पिन्ट रगत संकलन गरी राखिएको आफ्नै रेकर्डलाई यसपटकको रक्तदान कार्यक्रमले तोडेको हो। यससँगै ढल्केवरमा आयोजित रक्तदान कार्यक्रमले आफ्नै पुरानो रेकर्ड भंग गर्दै नयाँ रेकर्ड कायम गरेको आयोजकले जनाएको छ।

रसुवालगायतका विभिन्न स्थानमा आएको बाढीपहिरोबाट घाइते तथा प्रभावितको उपचारका क्रममा अस्पतालहरूमा रगतको आवश्यकता बढेको र रगत अभाव देखिएपछि त्यसलाई मध्यनजर गर्दै वृहत् रक्तदान कार्यक्रम आयोजना गरिएको हो। रक्तदान कार्यक्रममा स्थानीयवासी, व्यवसायी, युवा, सामाजिक संघसंस्थाका प्रतिनिधि, पत्रकारलगायत विभिन्न क्षेत्रका व्यक्तिहरूको उत्साहजनक सहभागिता रहेको थियो। कार्यक्रममा सहभागी रक्तदाताहरूले रक्तदानमार्फत संकटमा रहेका बिरामीको जीवन बचाउन सहयोग पुग्ने बताएका थिए।

कार्यक्रममा रसुवा बाढी पहिरोमा परी ज्यान गुमाएका व्यक्तिप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ तथा बेपत्ताहरूको सकुशल उद्धारको कामना गरिएको थियो।

'रक्तदान जीवनदान' भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा मिथिला लायन्स क्लब, ढल्केवर खानेपानी उपभोक्ता समिति, मिथिला उद्योग वाणिज्य संघ, मिथिला ब्याडमिन्टन क्लब, मिथिला नगर पत्रकार सञ्जाल, मधेश प्रदेश उद्योग परिसंघ, मिथिला युवा सञ्जाल, शुभकामना सहकारी संस्था बडहरी र नमुना सहकारी संस्था ढल्केवरलगायत संघसंस्थाको सहकार्य रहेको थियो। नेपाल रेडक्रस सोसाइटी धनुषा र ब्लड फोर नेपालको प्राविधिक सहयोग रहेको थियो।

# वरिष्ठ मैथिली साहित्यकार डा. रेवतीरमण लालको निधन

**खबर दर्पण समाचारदाता**
**भदौ २१ गते, बर्दिबास**

मैथिली साहित्यका वरिष्ठ साहित्यकार तथा समालोचक डा. रेवतीरमण लालको ८३ वर्षको उमेरमा निधन भएको छ । उहाँको शनिबार राति जनकपुरधाम उपमहानगर पालिका-११ स्थित आफ्नै निवासमा निधन भएको हो । धनुषाको साविक देवडिहा गाविस-३, खिरखिरिया गाउँमा २ मार्च १९४३ मा जन्मिनुभएका डा. लालले करिब छ दशक मैथिली साहित्यको उन्नयनमा सक्रिय योगदान पुऱ्याउनुभएको थियो । मैथिली विषयमा विद्यावारिधि गर्नुभएका उहाँ नेपाल राष्ट्र बैङ्का अवकाशप्राप्त कर्मचारीसमेत हुनुहुन्थ्यो ।

साहित्यका विभिन्न विधामा कलम चलाउनुभएका डा. लालले कथा, कविता, गीत, लेख, पटकथा, साक्षात्कार, यात्रावृत्तान्त र लोकसाहित्यमा योगदान दिनुभएको थियो । उहाँको पहिलो प्रकाशित मैथिली रचना 'सरस्वती वन्दना' गीत सन् १९६० मा प्रकाशित भएको थियो । त्यसयता उहाँ निरन्तर सिर्जना र साहित्यिक गतिविधिमा सक्रिय रहनुभयो । 'साक्षात्कार', 'माधव नहि अएला मधुपुरसँ', 'हमर विदेश भ्रमण', 'महाकवि विद्यापति' र 'खिस्सा पिहानी' उहाँका चर्चित कृतिमा पर्छन् । 'धनुषाधाम और मणिमण्डप' उहाँको पर्यटनसम्बन्धी कृति हो। उहाँले मैथिली त्रैमासिक पत्रिका 'नैमिकानन'को सम्पादनसमेत गर्नुभएको थियो ।

डा. लालका साहित्यिक रचनामध्ये केही विद्यालय तथा महाविद्यालयका पाठ्यक्रममा समेत समावेश छन् । यसले उहाँको सिर्जनात्मक योगदानलाई साहित्यिक क्षेत्रभन्दा बाहिर शैक्षिक क्षेत्रमा समेत स्थापित गरेको देखिन्छ। साहित्यिक तथा सामाजिक गतिविधिमा पनि उहाँको सक्रियता थियो । उहाँ विविधा मैथिली मञ्चका संस्थापक सचिव, मैथिली साहित्य परिषद्का सदस्य तथा मैथिली साहित्यकार सभाका सल्लाहकारका रूपमा आबद्ध रहनुभएको थियो ।



मैथिली साहित्यमा पुऱ्याउनुभएको योगदानको कदरस्वरूप उहाँले वैदेही प्रतिभा पुरस्कार, त्रिमूर्ति पुरस्कार, मिथिला रत्न, ज्योतिरीश्वर साहित्य सम्मान तथा नेपाल सरकारको प्रादेशिक प्रतिभा पुरस्कार लगायतका सम्मान प्राप्त गर्नुभएको थियो ।

डा. लालको निधनले मैथिली साहित्यमा लामो समयदेखि सक्रिय एक अनुभवी स्रष्टा, समालोचक र साहित्यिक अभियन्ताको अभाव भएको साहित्यप्रेमीहरूले बताएका छन् । विशेषगरी मैथिली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्धनमा उहाँले पुऱ्याउनुभएको योगदानलाई साहित्यिक वृत्तले महत्त्वपूर्ण मान्दै आएको छ ।

उहाँको निधनले साहित्यिक क्षेत्रमा क्षति पुगे पनि प्रकाशित कृति, रचना र साहित्यिक गतिविधिमार्फत उहाँको योगदान आगामी पुस्ताका लागि सन्दर्भका रूपमा रहनेछ ।


**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौंः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**



**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**



**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**



**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,